**प्रस्तावः मिति २०७७/१०/१९ गते सोमबार, ९८ औ कार्यपालिका बैठक**

१. भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्वन्धमा
२. कार्यविधि पारित सम्वन्धमा
३. गाइगोरु ट्यागिंगको मूल्य निर्धारण सम्वन्धमा
४. वायोग्यास पाइपलाइन विस्तार सम्वन्धमा
५. चमै-कटुवा सत्गैया कुलो सम्वन्धमा
६. आर्थिक सहयोग सम्वन्धमा

**निर्णय नं. १ः**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ को दफा ३ (१) बमोजिम घोराही उपमहानगरपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न नगरस्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति तपशिल बमोजिम गठन गर्ने ।

तपशिलः

क) नगर प्रमुख : संयोजक
ख) उपप्रमुख : उपसंयोजक
ग) राजनीतिक दलका प्रमुख : सदस्य
घ) विमला गन्धर्व,कार्यपालिकाका सदस्य : सदस्य
ङ) माया रावत, कार्यपालिकाका सदस्यः सदस्य
च) श्री लिला वि.क., भूमि अधिकार मंच : सदस्य
छ) श्री विकास चौधरी, नागरिक समाज : सदस्य
ज) प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

**निर्णय नं. २ः**

घोराही उपमहानगरपालिकापालिका अन्तर्गत वातावरण तथा विपद व्यवस्थापन शाखा मार्फत पेश भएको प्रारम्भिक "वातावरणीय परिक्षण कार्यविधि २०७७" पारित गर्ने ।

**निर्णय नं. ३ः**

घोराही उपमहानगरपालिका अन्तर्गत अर्थ विकास समितिको मिति २०७७/०९/२२ गतेको बठकमा भएको गाईगोरुको अभिलेखीकरणका लागि ट्यागिंग कार्यक्रमसंचालनका लागि ट्यागिंग वापत प्रति पशु रु ८०। - दिने तथा सो कार्य गर्नका लागि पशु सेवा शाखाले नियुक्त गरेका भ्याक्सिनेटरहरुलाई प्रयोग गर्ने निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४ः**

बैकल्पिक उर्जा प्रर्वधन केन्द्रको मिति २०७७/०९/१६ गते च.न. ८३५ को परियोजनाको डि.पि.आर. परिवर्तन पत्रानुसार पूर्व डि.पि.आर. अनुसार सिलिण्डर तयार गरी विक्रि वितरण गर्ने भनिएकोमा उक्त कार्य जोखिमयुक्त र उपभोक्तामुखि नभएकोले पाइपलाइनबाट वायो ग्यास वितरण गर्न उपयुक्त तथा उपभोक्तामुखि भएको हुँदा डि.पि.आर. परिवर्तन गरी थपघट गर्न अनुमति माग भई आएकोले डि.पि.आर.परिवर्तन गर्दा लाग्न आउने आर्थिक व्ययभार घोराही उपमहानगरपालिका र उपभोक्ताले ( पाइपलाइन मिटर पश्चात लाग्ने उपकरण उपभोक्ताले व्यहोर्न पर्ने) व्यहोर्न नपर्ने गरी पाइपलाइन अनुसार डि.पि.आर. परिवर्तन गर्न अनुमति दिने।

**निर्णय नं. ५ः**

चमै -कटुवा सत्गैया कुलो कृषि सिंचाई जल उपभोक्ता समितिको मिति २०७७/१०/१९ गतेको पत्रानुसार चमै -कटुवा सत्गैया कुलोको छेउबाट गुरुप्रसाद महराको घरदेखि थारु कल्याणकारीणीको भवन सम्म निर्माण हुन लागेको बाटोले कुलो मिचिन गइ नयाँ कुलो निर्माण गर्नु पर्ने भएकोले प्राविधिक इस्टिमेट अनुसार कुलो निर्माण गर्ने ।

**निर्णय नं. ६ः**

घोराही उपमहानगरपालिकामा संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | थारु बर्का नाचको वृत्तचित्र एवं थारु प्रदर्शनकारी कला पुस्तक सम्वन्धी अन्तरक्रिया कार्यक्रम (थारु कल्याणकारीणी सभा, दाङ) | ५५०००।०० | अन्य संस्था सहयता | |